# त्रिभुवन विश्वविद्यालय
## कृ.प.वि.अ.सं.गौरादह कृषि क्याम्पस, झापा
## शिक्षक/कर्मचारी आवश्यकता सम्बन्धी सूचना
## सूचना प्रकाशित मिति :२०८०/०६/१०

त्रि.वि.कृ.प.वि.अ.सं.गौरादह कृषि क्याम्पस,झापाको लागि तपसिलमा उल्लेख भएबमोजिमका पदहरुमा शिक्षक/कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) त्रि.वि.गौरादह कृषि क्याम्पस,झापाको नाममा रहेको नेपाल बैंक लिमिटेड, झापा स्थित शाखाको खाता नं.०८४००१०६५५३७७२००००००२ मा नियमानुसार दस्तुर जम्मा गरी भौचर सहित तोकिएको स्थानमा आवेदन फारम बुझाउन सकिने व्यहोराको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं | विषय | संख्या | विज्ञापन | परिक्षा दस्तुर | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | कृषि अर्थशास्त्र | १ | शिक्षक : शिक्षण सहायक | ३,०००।- | त्रि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धीत विषयमा कम्तिमा स्नातकोत्तर द्धितिय श्रेणिमा उतिर्ण हुनुपर्नेछ । |
| २ | बाली विज्ञान | १ | | | |
| ३ | बागवानी | १ | | | |
| ४ | माटो विज्ञान | १ | | | |
| ५ | प्राविधिक सहायक प्रयोगशाला) | २ | कर्मचारी | २,०००।- | कृषि विषय लिई प्रवेशिका परीक्षा उत्तीर्ण गरेको वा प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरी सि.टि.ई.भि.टि.बाट प्रयोगशाला सिप परीक्षणमा तह २ उत्तीर्ण गरेको वा प्रयोगशाला सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको । |
| ६ | पुस्तकालय सहायक | १ | | २,०००।- | प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्णगरि कम्तीमा एक महिनाको पुस्तकालय सम्बन्धी संस्थागत तालिम प्राप्त वा प्रबेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी सि.टि.ई.भि.टि. बाट पुस्तकालय विज्ञान विषय लिई तह २ उत्तीर्ण गरेको । |

**परीक्षाको किसिम:** शिक्षण सहायकको हकमा त्रि.वि.सेवा आयोगको शिक्षक नियुक्तीको सिफारिस सम्बन्धी विनियम,२०७५(२०७७ माघ ४ गतेको संशोधन सहित) बमोजिम लिखित तथा अन्तर्वाता हुनेछ साथै कर्मचारीको हकमा त्रि.वि.करार सेवामा कर्मचारीको नियुक्ती सम्बन्धी विनियम २०७९ बमोजिम लिखित परीक्षा पूर्णाङक ९० र शैक्षिक योग्यता पूर्णाङक १० को हुनेछ ।

**दरखास्त फारम पाईने र पेश गर्ने स्थान:** शिक्षण सहायकको हकमा गौरादह कृषि क्याम्पस झापा र कृ.प.वि.अ.सं डीनको कार्यालय, त्रि.वि. कीर्तिपुर र अन्यको हकमा गौरादह कृषि क्याम्पस झापा मात्र ।

**उमेर हद** : शिक्षकको लागि ४५ वर्ष ननाघेको र कर्मचारीको लागि १८ वर्ष पुराभई ४० वर्ष ननाघेको हुनुपर्ने ।

**दरखास्त बुझाउने अन्तिम मिति:** २०८०-०६-२४ गते सम्म ।

**तलव:** त्रि.वि.को प्रचलित नियम अनुसार ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी २/२ प्रति ।

२) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी थान २/२ प्रति (एस.एल.सि. देखि कम्तिमा तोकिएको न्युनतम योग्यता सम्म) र प्रकाशित् कृति २/२ प्रति ।

३) बायोडाटा :२ प्रति ।

पुनश्च: लिखित तथा मौखिक परीक्षा मिति पछि प्रकाशित गरिनेछ । थप जानकारीको लागि गौरादह कृषि क्याम्पस, झापाको फोन नं.९८५११३८९९९ वा ०२३-४८०२७५ मा सम्पर्क गर्नुहोला । विज्ञापनमा कुनै त्रुटी भएमा कार्यालयको अभिलेखबाट सच्याउन सकिनेछ ।

कृषि र पशु विज्ञान अध्ययन संस्थान
गौरादह कृषि क्याम्पस
गौरादह, झापा

पदपूर्ति समिति

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
**गौरादह कृषि क्याम्पस,झापा**
आवेदन फारम

| दुवै कान देखिने हालसालै खिचेको पास पोर्ट साईजको फोटो |
|---|

**उम्मेदवारको वैयक्तिक विवरण :**

१) पूरा नाम थर (देवनागरिमा):
(अंग्रजी ठूलो अक्षेरमा):
२) जन्म मिति (वि.सं.):
३) स्थायी ठेगाना : प्रदेश:
जिल्ला:
न.पा. / गा.प.
वडा नं.
टोल
फोन नं.
ई. मेल
४) वाबुको नाम / थर :
५) आमाको नाम / थर:
६) बाजेको नाम / थर :
७) श्रीमान् / श्रीमतीको नाम / थर:
८) नागरीकता नं.
जारी भएको जिल्ला:
जारी मिति :
९) शैक्षिक योग्यता :
क)
ख)
ग)
घ)
ङ)
१०) प्रकाशित कृति :(बढी भएको खण्डमा थप पाना राख्न सकिने छ ।)
क)
ख)
ग)
घ)
ङ)

...........................
आवेदकको हस्ताक्षर

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
गौरादह कृषि क्याम्पस,झापा
**खुल्ला प्रतियोगितात्मक परीक्षाको प्रवेश-पत्र**
विज्ञापन भएको वर्ष :२०८०/०८१

| |
|---|
| दुवै कान देखिने पासपोर्ट साईजको फोटो |

सिम्बोल नं.
विज्ञापन नं.
परीक्षा केन्द्र :
१.परीक्षार्थीले भर्ने
क) नाम थर:
ख) परीक्षा दिने पद र विषय:
ग) परीक्षार्थीको दस्तखत नमूना:

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः**

१) परीक्षार्थीले परीक्षा हलमा परीक्षा दिन आउँदा र अन्तरवार्तामा उपस्थित हुँदा प्रवेश पत्र अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ। प्रवेश पत्र विना परीक्षामा बस्न दिईने छैन।
२) परीक्षा शुरु हुनु भन्दा १५ मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिईने छ। बस्तुगत परीक्षा शुरु भएको १५ मिनेटपछि र विषयगत परीक्षा शुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षामा सामेल गराईनेछैन।
३) परीक्षा हलमा किताव, कापी, कागज, चिट,मोवाईल र अन्य विधुतीय उपकरणहरु ल्याउन/लैजान हुँदैन र परीक्षार्थीले आपसमा कुराकानी वा संकेत गर्नु हुँदैन।
४) परीक्षा हलमा अनुचित काम गरेमा परीक्षाबाट निष्कासन गरिनेछ।
५) सरुवा रोग लागेका परीक्षार्थीलाई हलमा प्रवेश गराईने छैन। विरामी परीक्षार्थी हलमा प्रवेश गरी केही हुन गएमा परिक्षा समिति जवाफदेही हुनेछैन।
६) परीक्षार्थीको नामको चिठी,फोन,विमा आदि केही चिज आइपुगेमा सो परीक्षार्थीले उत्तरपुस्तिका नबुझाएसम्म लिनदिन हुँदैन।
७) परीक्षार्थीले परीक्षा हलमा प्रवेश गरेपछि हाजिरी गर्नुपर्नेछ। यदि आफूले परीक्षा दिएको दिनमा आफ्नो हाजिरी गर्न छुट भएको भए तुरुन्त खवर गरी हाजिरी गर्नुपर्नेछ।
८) परीक्षा हलभित्र हल्ला गर्नु हुँदैन। कनै परीक्षार्थीले प्रश्न पत्रमा अस्पष्ट अक्षर भएमा सोध्नुपर्दा पनि परीक्षामा अरुलाई बाधा नपर्नेगरी बोल्नुपर्नेछ।
९) परीक्षा शुरु भएको ३० मिनेटपछि २ घण्टा भन्दा लामो अवधिको परीक्षामा परीक्षार्थीलाई उचित कारण भएमा निश्चित अवधिको लागि स्वीकृति दिई परीक्षार्थीलाई हलबाट बाहिर जान दिईनेछ।
१०) प्रवेश पत्र हराएमा एक प्रति फोटो र तोकिएको दस्तुर रु ५,००।-तिरी अर्को प्रवेश पत्र लिन निवेदन दिएमा प्रवेश पत्र पुन: लिन सकिनेछ।

पदपूर्ति समिति